मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लि.
MERO MICROFINANCE BITTIYA SANSTHA LTD.
Corporate Office, Battar, Nuwakot, Tel: 977-10-561747
Liaison Office, Jwagal, Kupondole, Lalitpur, Tel: 977-1-5527579/5528136
Fax- 977-1-5528136, Ext- 114, E-mail: meromicrofinance@gmail.com

# पाँचौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७४/०५/२३)

शेयरधनी महानुभावहरू,

मिति २०७४ साल भाद्र २२ गते बसेको सञ्चालक समितिको ५९ औं बैठकको निर्णय अनुसार यस मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको पाँचौं वार्षिक साधारण सभा देहाएको मिति, स्थान र समयमा निम्न विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

## सभा हुने मिति, स्थान र समय :

सभा हुने मिति : २०७४ साल आश्विन ३० गते सोमबार ।
स्थान : होटल वाटर टावर विदुर -३, बट्टार, नुवाकोटको सभा कक्ष ।
समय : बिहान ११:३० बजे

## छलफलका विषयहरू :-

(क) सामान्य प्रस्तावहरू

१. सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूले पेश गर्नुहुने आर्थिक वर्ष २०७३/७४ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७४ आषाढ मसान्तको वासलात तथा मिति २०७३ श्रावण देखि २०७४ आषाढ मसान्तसम्मको नाफा/नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू छलफल गरी पारित गर्ने ।

३. संस्थाको लेखापरीक्षण समितिको सिफारिसमा आर्थिक वर्ष २०७४/७५ का लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (साबिकको लेखापरीक्षक श्री एम खनाल एण्ड कम्पनी पुनः लेखा परीक्षण गर्न योग्य हुनुहुन्छ ।)

४. संस्थाको नियमावली अनुसार समूह “क” का संस्थापक शेयरधनीहरूको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ४ जना सञ्चालकहरूको निर्वाचन गर्ने ।

५. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०७४ आषाढमसान्तमा कायम रहेको चुक्ता पूँजीको १२.१०५ प्रतिशतले हुन आउने नगद लाभांश रू. २,६६,३१,५७८।९५ (बोनस शेयर र नगद लाभांसको कर प्रयोजनका लागि समेत) दिने प्रस्ताव माथि छलफल गरी पारित गर्ने ।

(ख) विशेष प्रस्तावहरू

१. सञ्चालक समितिबाट पारित भए बमोजिम २०७४ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजीको ३० प्रतिशतले हुन आउने रकम रू. ६ करोड ६० लाख बराबरको बोनश शेयर जारी गर्ने ।

२. वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ६ (ख) र (ग) तथा नियमावलीको नियम २७ (२) र ३२ (ख) मा आवश्यक संशोधन गर्ने सम्बन्धी बिशेष प्रस्तावमा छलफल गरी पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरूबाट कुनै फेरबदल वा सुझाव आएमा आवश्यक संशोधन/समायोजन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने ।

(ग) विविध ।

सञ्चालक समितिको आज्ञाले
(कम्पनी सचिव)

पाचौं वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी:

१. वार्षिक साधारण सभालाई ध्यानमा राखी मिति २०७४ आश्विन २ गते देखि २०७४ आश्विन १० गतेसम्म यस संस्थाको शेयरधनी दर्ता किताब बन्द रहनेछ र नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७४ आश्विन ०१ गतेसम्म कारोबार भई मिति २०७४ आश्विन १० गतेसम्म यस संस्थाको शेयर रजिष्ट्रार ग्लोबल आईएमई क्यापिटल लि., जमल, काठमाण्डौं प्राप्त शेयर नामसारीको लिखतका आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरूले मात्र यस सभामा भाग लिन र बोनश तथा नगद लाभांश पाउने छन् ।

२. यस वित्तीय संस्थाको सञ्चालकको पदमा नियुक्त हुनको लागि संस्थाको नियमावलीमा उल्लेख भए अनुसारको न्यूनतम १०० कित्ता शेयर धारण गरेको हुनुपर्नेछ । संस्थापक शेयरधनीहरूको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ४ जना सञ्चालकहरूको निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले कर्पोरेट कार्यालयमा प्रकाशित गरे बमोजिम हुनेछ ।

३. प्रत्येक शेयरधनी महानुभावहरूले प्रवेश पत्र वा आफ्नो परिचय खुल्ने कुनै प्रमाणपत्र लिई आउनु हुन अनुरोध छ ।

४. वार्षिक साधारण सभाको सूचना, वार्षिक प्रतिवेदन सम्बन्धी विवरण, प्रोक्सी तथा कागजातहरू सबै शेयरधनी महानुभावहरूको लागि यस संस्थाको वेवसाइट www.meromicrofinance.com बाट हेर्न र प्राप्त गर्न सकिनेछ ।

५. सभामा भाग लिन प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरूले सभा सुरु हुने समयभन्दा कम्तीमा ४८ घण्टा अगावै संस्थाको कर्पोरेट कार्यालयमा प्रोक्सी फाराम दर्ता गरिसक्नु पर्नेछ । सभामा भाग लिनका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्कै मुकरर गर्ने भएमा सो को लिखित सूचना सोही अवधिभित्र संस्थाको कर्पोरेट कार्यालयमा दर्ता गरिसक्नुपर्ने छ । प्रतिनिधि नियुक्त गरिने ब्यक्ति पनि यस संस्थाको शेयरधनी हुनु आवश्यक छ । संगठित संस्थाको हकमा सो व्यवस्था लागू हुने छैन । प्रतिनिधि (प्रोक्सी) ले मतदान गर्न पाउने अधिकतम हद वा सीमा त्यस्तो शेयरधनीले लिन पाउने वित्तीय संस्थाको अधिकतम शेयर हिस्साको मतदान सीमा भन्दा बढी हुने छैन ।

६. शेयरधनी महानुभावहरूको लागि हाजिरी पुस्तिका सभा हुने दिन बिहानको ८ बजेबाट सभा हुने स्थलमा खुला रहनेछ ।

७. नाबालक शेयरधनीको तर्फबाट संरक्षकले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न, र मतदान गर्न समेत सक्नेछन तर शेयरवालाको दर्ता किताबमा संरक्षकको रूपमा नाम लेखिएको ब्यक्तिलाई मात्र संरक्षक मानिनेछ । संयुक्त शेयर धारण गरेको भएमा दर्ता किताबमा उल्लिखित क्रम अनुरूप हुनेछ ।

८. अन्य जानकारीको लागि यस संस्थाको कर्पोरेट कार्यालय वा सम्पर्क कार्यालय, ज्वागल, कुपण्डोल, ललितपुरमा सम्पर्क गर्न हुन अनुरोध छ ।

सम्पर्क नं.: ९७७-१०-५६१७४७, ९७७-०१-५५२७५७९/५५२८१३६,फ्याक्स नं.:९७७-०१-५५२८१३६-११४

नोट :

यस संस्थाको बाँडफाँटमा परेका शेयरधनी महानुभावहरूको शेयरलाई निजकै BOID खातामा प्रविष्टि गर्ने गरिएकाले हालसम्म BOID खाता विवरण सहित आवेदन नगर्नु भएका शेयरधनी महानुभावहरूलाई यसै सूचना अनुरूप यस संस्थाको शेयर रजिस्ट्रार श्री Global IME Capital Ltd, जमल, काठमाण्डौं मा आफ्नो BOID खाता विवरण सहित उपलब्ध फाराम भरी बुझाउनुहुन अनुरोध छ ।

हालसम्म खातामा प्रविष्टि हुन बाँकी शेयरधनी महानुभावहरूको विवरण शेयर रजिस्ट्रार श्री Global IME Capital Ltd, जमल, काठमाण्डौं को वेवसाइट www.globalimecapital.com बाट हेर्न सक्नु हुनेछ ।